# नेपालगञ्ज उप-महानगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
नेपालगञ्ज, बाँके
लुम्बिनी प्रदेश, नेपाल


प.स.:२०८१/०८२ (म बा ज्ये ना शा)

**दोस्रो पटक सूचना प्रकाशित मितिः०८१।०९।१९**

**विषय : लैगिंक हिंसा निवारणका लागि पुरुष सञ्जाल गठन सम्बन्धी**
**अत्यन्त जरुरी सूचना**

यस उप.महानगरपालिकाको मिति ०८१।०८।१३ गतेको नगर कार्यपालिकाको वैंठकको निर्णय अनुसार लैंगिक हिंसा अन्त्यको लागि पुरुष संजाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०७८को दफा ५ अनुसार **पुरुष संजाल सदस्यको नियुक्तिको** लागि आर्दश पुरुषको सूची (ROSTER) तयार गर्न पुन १५ दिने सूचनाप्रकाशितगर्ने निर्णय भए वमोजिम **ईच्छुक पुरुष उम्मेदवारले तोकिएको ढाँचामा सम्बन्धित शाखामा  दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** (लैगिंक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल गठन तथा परिचालन कार्यविधि २०७८ को दफा ४अनुसार) निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

## पुरुष सञ्जाल सदस्यहरुको लागि योग्यता निम्नानुसार रहेको छ ।

क) १८ वर्ष उमेर  पुरा गरी ७० वर्ष ननाघेका नेपाली नागरिक ।
ख) सार्वजनिक तथा निजी जीवनमा ख्याति प्राप्त गरेका आर्दश युवा तथा पुरुष ।
ग) लैंगिक हिंसा अन्त्यको लागि महिला तथा पुरुषको संगठन तथा सञ्जाल मार्फत उदाहरणीय र नेतृत्वदायी भूमिका निर्वाह गरेका पुरुष ।
घ)लैंगिक हिंसा अन्त्यको लागि कार्य गर्न संघ संगठनहरुलाई आफ्नो क्षेत्रबाट सहयोग गर्न समर्थन गरेका पुरुष ।
ङ) लैगिंक हिंसा एवं सो सम्बन्धी संघ संस्थामा कार्य गरेर सेवानिवृत भएका पुरुष ।
च) सार्वजनिक जीवनमा अयोग्य ठहरिएका व्यक्तिगत तथा सामाजिक जीवनमा लैगिंक हिंसा गरेको प्रमाणित भएका व्यक्तिहरु पुरुष संजालका सदस्यहुन योग्यहुने छैनन् ।

यो सूचना यस कार्यालयको सूचनापाटी तथा website www.nepalgunjmun.gov.np मा पनि **राखिएको छ । थपजानकारीको लागि - आशा शाही (सम्पर्क व्यक्ति) ९८६८१४३८४२ सम्पर्क गर्नु हुन ।**